# समाजवादी जागरण अभियानको प्रथम भेलाबाट

# पारित प्रस्तावहरु

## १. शहिद तथा दिवंगत कमरेडहरु प्रति श्रद्धाञ्जली

यो अभियान कम्युनिष्ट आन्दोलनमा लागेर जीवन समर्पण गर्नुभएका सम्पुर्ण शहीद तथा हालै दिवंगत हुनुभएका कमरेड घनेन्द्र बस्नेतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। कमरेड पुष्पलाल श्रेष्ठलगायत कम्युनिष्ट आन्दोलनका अग्रज नेताहरुप्रति उच्च सम्मान व्यक्त गर्दछ।

## २. जनआन्दोलनका उपलब्धि र जनअधिकारको रक्षा

नेपाली जनताले उठाएका विभिन्न संघर्ष, जनआन्दोलन र क्रान्तिबाट प्राप्त हक अधिकारको रक्षा गर्न यो अभियान दृढतापुर्वक उभिने संकल्प गर्दछ । संविसभाबाट निर्मित संविधानले सुनिश्चित गरेका राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको संरक्षण, प्रभावकारी कार्यान्वयन गर्दै अगाडि बढ्ने प्रण गर्दछ।

## ३. राष्ट्रियता र सार्वभौमिकताको रक्षा

यो अभियान नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डताको पक्षमा दृढता पुर्वक उभिन्छ। नेपालमाथि हुने कुनै पनि प्रकारका वैदेशिक अतिक्रमण, दवाव, नियन्त्रण, घुसपैठ, र हस्तक्षेपको दृढता पुर्वक विरोध गर्दछ।

विभिन्न कालखण्डमा विदेशी शक्तिसँग भएका राष्ट्रिय हितविपरित तथा असमान सन्धि, सम्झौताहरुको पुनारावलोक गरी राष्ट्रिय हितअनुकुल आवश्यक निर्णय लिन सरकारसँग माग गर्दछ।

## ४.जनजीविकाका आधारभुत समस्या समाधान

राजनीतिक परिवर्तनका बाबजुद जनताका गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा जस्ता आधारभुत आवश्यकता अझै सम्बोधन हुन सकेका छैनन्।

उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा जनजीविकालाई प्राथमिकतामा राखी प्रभावकारी नीति तथा कार्यक्रम लागु गर्न यो अभियान सरकारसँग जोडदार माग गर्दछ।

## ५.प्राकृतिक विपद् र वातावरणीय संकटको सामना

भोटेकोशी-त्रिशुली नदी क्षेत्रमा आएको अभुतपुर्व विनाशकारी बाढीले प्राकृतिक वातावरणमा आएको परिवर्तन तथा जलवायुजन्य जोखिमको गम्भीर अवस्था उजागर गरेको छ। यसबाट जनधन, बस्ती, पुर्वाधार तथा नदी बेसिनमा विकसित मानव सभ्यतामा ठुलो क्षति पुगेको छ।

प्राकृतिक विपद्को जोखिम न्युनीकरण, वातावरण संरक्षण तथा जलवायु परिवर्तनका प्रभावसँग जुध्न तत्कालीन र दिर्घकालीन नीति, योजना तथा कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग यो अभियान जोडदार माग गर्दछ।

नेपालका हिमशृङ्खला, नदी प्रणाली तथा वातावरणीय क्षेत्रमा नेपाल, चीन, भारतलगायत दक्षिण एसियाका सम्बन्धित मुलुकको सहभागितामा दिगो क्षेत्रिय सहकार्यको संस्थागत संरचना निर्माण गर्नका निम्ति पहल गर्नसमेत सरकारसँग माग गर्दछ।

## ६. भोटेकोशी-त्रिशुली विपद् पीडितको पुनर्स्थापना र पुनर्निर्माण

भोटेकोशी-त्रिशुलीलगायत बाढीबाट प्रभावित जनताको तत्काल उद्धार, राहत, पुनर्वास, पुनर्व्यवस्थापन तथा पुनर्निर्माणलाई पारदर्शी र दीर्घकालीन योजनाका साथ अघि बढाउन सरकारसँग यो अभियान जोडदार माग गर्दछ।

यस कार्यमा राजनीतिक दल, स्थानीय तह, सामाजिक संघ-संस्था, नागरिक समाज, स्थानीय समुदाय तथा संचारमाध्यमलाई व्यापक रुपले सहभागी गराई जनसहभागितामुलक ढङ्गले पुनर्स्थापना तथा पुनर्निर्माण अघि बढाउन यो अभियान सरकारसँग आग्रह गर्दछ।

## ७. राहत तथा सहयोगको पारदर्शी व्यावस्थापन

भोटेकोशी-त्रिशुली विपद्पछि देशभित्र तथा विदेशबाट प्राप्त राहत रकम, जिन्सी तथा अन्य सहयोगको सम्पुर्ण विवरण सार्वजनिक गर्न यो अभियान सरकारसँग माग गर्दछ।

प्राप्त सहयोगको आम्दानी, भण्डारण, वितरण तथा खर्चको पारदर्शी लेखा राखी त्यसको विवरण आमजनता र संसद्समक्ष सार्वजनिक गर्न तथा अनियमितता रोक्न प्रभावकारी लेखापरीक्षण र सार्वजनिक निगरानीको व्यावस्था गर्न समेत माग गर्दछ।

## ८. विपद् जोखिमलाई ध्यानमा राखी विकास नीतिको पुनरावलोकन

भोटेकोशी-त्रिशुली महाविपत्तिले नदी बेसिनमा रहेका विकास संरचना, पुर्वाधार तथा मानव बस्तीको सुरक्षा र विकास ढाँचामाथि गम्भीर पुनर्विचार गर्नु पर्ने आवश्यकता देखाएको छ। नदी बेसिन, बस्ती तथा पुर्वाधारको जोखिमबारे उच्चस्तरीय विशेषज्ञ अध्ययन गराई त्यसका आधारमा वातावरणीमैत्री, दिगो तथा विपद् प्रतिरोधी विकास र निर्माणका नयाँ नीति, योजना तथा मापदण्ड अघि बढाउन सरकारसँग यो अभियान माग गर्दछ।

## ९. **श्रमिक, विद्यार्थी तथा कर्मचारीका अधिकारको रक्षा**

श्रमिकले संघर्षबाट स्थापित गरेका ट्रेड युनियन अधिकार, विद्यार्थीले प्राप्त गरेका स्वतन्त्र विद्यार्थी युनियन गठन गर्ने अधिकार तथा सरकारी कर्मचारीले आफ्ना पेशागत हकहितका लागि आवाज उठाउन पाउने ट्रेड युनियन अधिकारमाथि लगाइएका प्रतिबन्ध तथा नियन्त्रणका निर्णय फिर्ता लिन यो अभियान सरकारसँग माग गर्दछ।

## १०. **जेन्जी आन्दोलनका माग सम्बोधन**

२०८२ भदौ २३ गते भएको जेन्जी आन्दोलनका क्रममा उठाइएका जायज माग तत्काल सम्बोधन गर्न सरकारसँग माग गर्दछौं। आन्दोलनका क्रममा अन्यायपुर्ण थुनामा राखिएका जेन्जी युवाहरुलाई कानुनी प्रक्रिया पुरा गरी अविलम्ब रिहा गर्न तथा उनीहरुमाथि भएका व्यवहार र घटनाको निष्पक्ष छानविन गर्न माग गर्दछ।

## ११. **भदौ २४ का हिंसात्मक घटनाको निष्पक्ष छानबिन**

२०८२ भदौ २४ गते जेन्जी आन्दोलनका क्रममा देशका विभिन्न स्थानमा भएका तोडफोड, आगजनी, लुटपाट तथा अन्य हिंसात्मक घटनाको निष्पक्ष छानबिन गर्न न्यायिक आयोग गठन गर्न यो अभियान सरकारसँग विशेष माग गर्दछ।

कानुन उल्लङ्घनमा संलग्न भएको पुष्टि भएका व्यक्तिमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा पीडितलाई न्याय र क्षतिपुर्तिको व्यावस्था गर्न समेत माग गर्दछ।

## १२. **कम्युनिष्ट आन्दोलनको वैचारिक पुनर्गठन**

यो अभियान देशका सम्पुर्ण समाजवादी तथा क्रान्तिकारी शक्तिलाई क्रान्तिकारी वैचारिक तथा राजनीतिक कार्यदिशाका आधारमा वैचारिक, सैद्धान्तिक, संगठनात्मक, कार्यशैलीगत, पद्धतिगत तथा आचरणगत विषयमा खुला र नीतिनिष्ठ बहसमा सहभागी हुन आह्वान गर्दछ। कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी कार्यदिशाका आधारमा पुनर्गठन र पनर्संरचना गर्दै वैचारिक तथा राजनीतिक एकताको आधार निर्माण गर्न सबै कम्युनिष्ट समुहहरुसँग हार्दिक आग्रह गर्दछ।

## १३. बृहत वाम एकता

बृहत वाम एकता आजको आवश्यकता हो । देशका कम्युनिष्ट तथा वामपन्थी शक्ति विभिन्न समुहमा विभाजित र विशृङ्खलित छन । देश सामाजिक, आर्थिक, सांस्कृतिक तथा राष्ट्रियताको गम्भीर संकटबाट गुज्रिरहेको अवस्थामा छ । यस्तो अवस्थामा साझा जनहित र राष्ट्रिय हितका सवालमा सम्पुर्ण वामपन्थी शक्तिलाई एकताबद्ध भएर अघि बढ्न यो अभियान हार्दिक आग्रह गर्दछ ।

## १४. एकिकृत क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण

सम्पुर्ण कम्युनिष्ट क्रान्तिकारी कमरेडहरुलाई सही वैचारिक तथा राजनीतिक कार्यदिशाका आधारमा एकताबद्ध गर्दै एकिकृत नेकपा निर्माणको दिशामा योगदान पुऱ्याउन कम्युनिष्ट आन्दोलनका विगतका अनुभव, उपलब्धि, कमजोरी तथा चुनौतीको गम्भीर समीक्षा गर्दै क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशाका आधारमा संगठनात्मक पुनर्गठन र एकिकरणको प्रक्रिया अघि बढाउन यो अभियान जोडदार आह्वान गर्दछ ।

## १५. नेपाली विशेषताको समाजवादबारे खुला वैचारिक बहस

यो अभियान नेपालको समाजवादी क्रान्ति र रुपान्तरण, नेपाली विशेषताको समाजवाद तथा त्यसलाई प्राप्त गर्ने वैचारिक-राजनीतिक कार्यदिशा, नीति, सिद्धान्त, रणनीति, कार्यनीति र कार्यक्रमका विषयमा मैत्रीपुर्ण, नीतिनिष्ठ तथा खुला बहसमा सहभागी हुन देशका सम्पुर्ण वाम नेतृत्व र कार्यकर्तालाई हार्दिक तथा जोडदार आह्वान गर्दछ ।

**धन्यवाद !!**